रोजगार सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ (मस्यौदा)

प्रस्तावना: नेपालको संविधानद्वारा प्रत्याभूत रोजगारी सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न तथा नागरिकलाई सम्मानजनक रोजगारीको अवसर सुनिश्चित गर्न, श्रम बजार व्यवस्थापन एवम् सुधार गर्न, सीपयुक्त जनशक्तिको परिचालन गर्न, स्थानीय तहमा आन्तरिक रोजगार प्रवर्द्धन गर्न, बेरोजगारी दर घटाउन तथा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र सहजीकरणमार्फत नेपाल सरकारद्वारा जारी रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिम प्रत्येक स्थानीय तहमा स्थापित रोजगार सेवा केन्द्रको समुचित व्यवस्थापन, प्रभावकारी सञ्चालन र गुणस्तरीय रोजगार सेवा प्रवाह गर्न वाञ्छनीय भएकोले,

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ३२ को अधिकार प्रयोग गरी ..... ले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

२. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ (मस्यौदा)"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

३. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**ऐन**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ख) **"नियमावली"** भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली २०७५ सम्झनुपर्छ

(ग) "**मन्त्रालय**" भन्नाले संघीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(घ) "**प्रदेश मन्त्रालय**" भन्नाले प्रदेशको श्रम, रोजगार हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ङ) "**स्थानीय तह**" भन्नाले सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ।

(च) "**केन्द्र**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० (१) बमोजिम स्थानीय तहमा स्थापित रोजगार सेवा केन्द्र सम्झनुपर्छ।

(छ) "**समिति**" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम १४ बमोजिम गठित स्थानीय निर्देशक समिति सम्झनुपर्छ।

(ज) "**रोजगार सेवा**" भन्नाले बेरोजगारको सूचीकरण, रोजगारी सम्बन्धी सूचना प्रवाह, परामर्श, तालिम सिफारिस, रोजगार विनिमय लगायतका केन्द्रबाट प्रदान गरिने सेवाहरू सम्झनुपर्छ।

Employment Sector Reform Dialogue Forum

(झ) "**बेरोजगार व्यक्ति**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (ङ) बमोजिमको बेरोजगार व्यक्ति सम्झनुपर्छ।

(ञ) **"बेरोजगार सहायता कार्यक्रम"** भन्नाले ऐनको दफा २० र नियमावलीको नियम १७ ले तोके बमोजिममा क्षेत्रमा सञ्चालन भएका नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सञ्चालन गरेका कार्यक्रमलाई सम्झनुपर्छ।

(ट) **"न्यूनतम रोजगारी"** भन्नाले ऐनको दफा २ को बुँदा (ग) मा उल्लेख भएको रोजगार अवधिलाई सम्झनुपर्छ।

(ठ) "**स्वरोजगार**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (ज) बमोजिमको स्वरोजगार सम्झनुपर्छ।

(ड) "**रोजगारदाता**" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (झ) बमोजिमको रोजगारदाता सम्झनुपर्छ।

(ढ) "**रोजगार संयोजक**" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ५ (१) बमोजिम नियुक्त रोजगार संयोजकलाई सम्झनुपर्छ।

(ण) "**सेवाग्राही**" भन्नाले बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेका व्यक्ति वा रोजगारी परिवर्तन गर्न चाहने व्यक्तिलाई सम्झनुपर्छ।

परिच्छेद-२

केन्द्रको उद्देश्य र एकीकृत रोजगारमूलक सेवाको सञ्चालन

४. उद्देश्य: (१) रोजगार सेवा केन्द्र सञ्चालनका उद्देश्यहरु देहाय अनुसार रहनेछन्;

(क) रोजगारीको हकलाई कार्यान्वयन गर्ने,

(ख) बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने,

(ग) स्थानीय तहमा दिगो, समावेशी र गुणस्तरीय रोजगार सेवा प्रवाह सुनिश्चित गर्ने,

(घ) बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुलाई रोजगारीका अवसरहरुमा सहज पहुँच कायम गर्ने,

(ङ) श्रम बजारलाई व्यवस्थित, पारदर्शी, सुरक्षित, समावेशी, सन्तुलित र स्वचालित बनाउने,

(च) सीप विकास, उद्यमशीलता विकास र आन्तरिक रोजगारलाई प्रवर्द्धन गर्ने,

(छ) सरोकारवाला निकायहरु बीच समन्वय र सहकार्य बढाउने,

Employment Sector Reform Dialogue Forum

(ज) वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन सहयोग गर्ने,

(झ) स्थानीय आर्थिक विकास र सामाजिक सुरक्षा प्रणाली सुदृढ गर्ने।

५. **एकीकृत रोजगारमूलक सेवाको सञ्चालन**: (१) गाउँ/नगरपालिकाले श्रम बजारको माग र आवश्यकता अनुसार श्रम बजार प्रवर्द्धन तथा विस्तार सम्बन्धी सङ्घीय, प्रादेशिक एवं स्थानीय नीति योजना बमोजिम सञ्चालन हुने गरी एकीकृत रोजगारमूलक सेवाको सञ्चालन गर्नु पर्नेछ।

(२) एकीकृत रोजगारमूलक सेवाको छनौट र सञ्चालन हुने क्रियाकलापहरु गाउँ/नगरपालिकाले तोके बमोजिम हुनेछ।

६. **कार्यक्षेत्र**: (१) यो कार्यविधि स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापनमा लागु हुनेछ।

परिच्छेद-३

स्थानीय तहको अपनत्व र आन्तरिकीकरण

७. **स्थानीय तहले अपनत्व लिनुपर्ने**: (१) स्थानीय तहले रोजगारी सेवा केन्द्रको व्यवस्थापन, सञ्चालन र रोजगार सेवा प्रवाहमा अपनत्व लिनु पर्नेछ।

(२) स्थानीय तहले आफ्नो वार्षिक नीति, कार्यक्रम तथा बजेटमा केन्द्र सञ्चालनका लागि आवश्यक बजेट तथा रोजगारमूलक कार्यक्रम समावेश गर्नुपर्नेछ।

(३) केन्द्रको भवन/कोठा, पूर्वाधार, जनशक्ति र सञ्चालन लागतको सुनिश्चितता गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

(४) स्थानीय निर्देशक समिति मार्फत नीति तथा कार्यक्रम तर्जुमा, मूल्याङ्कन र निर्णय प्रक्रिया सञ्चालन गरिनेछ।

(५) स्थानीय तहले केन्द्रको सेवा गुणस्तर र पारदर्शिता कायम गर्न आवश्यक स्रोत सुनिश्चित गर्नु पर्नेछ।

(६) स्थानीय आर्थिक विकास योजना, उद्योग व्यवसायको विकास एवम् विस्तार, सीप तथा क्षमता विकास तालिम र उद्यमशीलता विकास एवम् प्रवर्द्धन कार्यक्रममा केन्द्रको भूमिका सुनिश्चित गर्नु पर्नेछ।

(७) रोजगार संयोजक तथा अन्य कर्मचारीको व्यवस्थापनमा स्थानीय तहले सहयोग र समन्वय गर्नु पर्नेछ।

८. **केन्द्रको आन्तरिकीकरण**: (१) स्थानीय तहको संगठन संरचनाभित्र केन्द्रको संरचनालाई पनि समावेश गर्नु पर्नेछ।

Employment Sector Reform Dialogue Forum

(२) प्रशासनिक तथा जनशक्ति व्यवस्थापन र बजेट कार्यान्वयन स्थानीय तहकै प्रणालीमार्फत सञ्चालन गरिनेछ।

(३) संघीय, प्रदेश र स्थानीय रोजगार नीति तथा कार्यक्रमहरूको कार्यान्वयन केन्द्रमार्फत गरिनेछ।

(४) केन्द्रको सेवा प्रवाहलाई वडा तहसम्म विस्तार गर्न वडा कार्यालयसँग समन्वय गर्नु पर्नेछ।

(५) स्थानीय तहमा सञ्चालित अन्य सामाजिक सुरक्षा र विकास कार्यक्रमसँग केन्द्रको सेवालाई आबद्ध गर्नु पर्नेछ।

परिच्छेद-४

रोजगार सेवा केन्द्रको वर्गीकरण र सेवाको विविधीकरण

९. **रोजगार सेवा केन्द्रको वर्गीकरण:** (१) नेपालको भौगोलिक, सामाजिक एवम् आर्थिक अवस्था, जनसङ्ख्यिक बनोट, बेरोजगारी दर, वैदेशिक रोजगारीको चाप, श्रम शक्तिको उपलब्धता, स्थानीय एवम् राष्ट्रिय श्रम बजारको आवश्यकता र माग, श्रम बजारको प्रकृति र संरचना, रोजगारीका अवसर र सम्भावना, उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय तथा अन्य आर्थिक गतिविधि, उपलब्ध स्रोतसाधनको आधारमा रोजगार सेवा केन्द्रहरुलाई शहरी क्षेत्रमा एकीकृत रोजगार सेवा केन्द्र, अर्द्ध शहरी क्षेत्रमा सार्वजनिक रोजगार सेवा केन्द्र र ग्रामीण क्षेत्रमा स्थानीय रोजगार सेवा केन्द्रमा वर्गीकरण गरि एकीकृत रोजगार सेवा प्रवाह गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रोजगार सेवा केन्द्रहरुबाट प्रवाह गरिने एकीकृत रोजगार सेवाको विस्तृत विवरण अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको रोजगार सेवा केन्द्रहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) एकीकृत रोजगार सेवा केन्द्रको काम, कर्त्वय र अधिकार: एकीकृत रोजगार सेवा केन्द्रको काम, कर्त्वय र अधिकार देहाय बमोजिम हुनेछ;

(ख) सार्वजनिक रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार: सार्वजनिक रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(ग) स्थानीय रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार: स्थानीय रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

Employment Sector Reform Dialogue Forum

१०. **रोजगार सेवाको विविधीकरण**: (१) केन्द्रले देहायका विशिष्टीकृत सेवाहरूको व्यवस्थापन तथा सहजीकरण गर्नेछ:

(क) रोजगार सेवा: बेरोजगार व्यक्ति वा रोजगारीको खोजीमा रहेका व्यक्ति वा रोजगारी परिवर्तन गर्न चाहने व्यक्तिलाई श्रम बजारमा सहज पहुँच अभिवृद्धि गर्न आवश्यक रोजगार सेवा व्यवस्थित, प्रभावकारी र निशुल्क रुपमा प्रदान गर्नु पर्नेछ।

(ख) रोजगार विनिमय: बेरोजगार व्यक्तिको सीप, क्षमता, योग्यता र रोजगारदाताको मागलाई डिजिटल प्रणाली मार्फत रोजगार मिलान गर्नु पर्नेछ।

(ग) करियर काउन्सिलिङ: बेरोजगार व्यक्तिको रुचि, क्षमता र श्रम बजारको मागका आधारमा वृत्ति विकासका लागि परामर्श सेवा प्रदान गर्नु पर्नेछ।

(घ) सीप विकास तालिम: स्थानीय श्रम बजारमा माग भएका तथा स्वरोजगारका लागि आवश्यक सीप विकास तालिमका अवसरहरु पहिचान गर्नुपर्ने र सीपयुक्त, दक्ष, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न आवश्यक सीप विकास तालिम सञ्चालन गर्ने तथा तालिममा सहभागी हुन तालिम केन्द्रमा सिफारिस गर्नु पर्नेछ।

(ङ) उद्यमशीलता विकास: स्वरोजगार वा उद्यमी बन्न चाहने व्यक्तिहरुलाई परियोजना प्रस्तावना, व्यवसाय दर्ता, सहुलियतपूर्ण ऋण तथा बीउ पुँजीका लागि सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्नु पर्नेछ।

(च) वैदेशिक रोजगार सम्बन्धी सहयोग र सहजीकरण: वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणरहित बनाउन तथा कल्याणकारी सेवा पारदर्शी, पहुँचयोग्य र सहज बनाउन आधिकारिक, विश्वसनीय र भरपर्दो सूचना, जानकारी तथा परामर्श, सहयोग र सहजीकरण प्रदान गर्नु पर्नेछ।

(छ) विशिष्टीकृत समावेशी सेवा: महिला, अपाङ्गता भएका व्यक्ति, दलित र सीमान्तकृत समुदायका वर्गलाई श्रम बजारमा सहज पहुँच कायम गर्न विशेष लक्षित रोजगार कार्यक्रम तथा परामर्श सेवा सञ्चालन गर्नु पर्नेछ।

परिच्छेद-५

कार्यालय र वित्तीय व्यवस्थापन

११. **कार्यालय व्यवस्थापन:** (१) केन्द्रको लागि कार्यालय सञ्चालन स्थान, नागरिकमैत्री सेवा कक्ष, परामर्श कक्ष, तालिम हल, आवश्यक फर्निचर तथा विद्युतीय उपकरणहरु, सूचना बोर्ड, प्रतिक्षालय र डिजिटल पहुँचको व्यवस्था स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ।

Employment Sector Reform Dialogue Forum

(२) रोजगार सेवाको प्रवाह सहज, पहुँचयोग्य, समावेशी, गुणस्तरीय र पारदर्शी रुपमा गर्नु पर्नेछ।

(३) बेरोजगार दर्ता प्रणालीमा पारदर्शिता कायम गर्ने दायित्व स्थानीय तहको हुनेछ।

(४) आवश्यक तथ्याङ्क तथा अभिलेखहरुको व्यवस्थापन मन्त्रालयले उपलब्ध गराएको सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गर्नुपर्नेछ।

१२. **जनशक्ति व्यवस्थापन:** (१) रोजगार संयोजक र सहायक कर्मचारीहरुको नियुक्तिको जिम्मेवारी स्थानीय तहको हुनेछ।

(२) केन्द्रमा आवश्यक सहायक कर्मचारी, परामर्शकर्ता लगायत अन्य प्राविधिक/अप्राविधिक कर्मचारीको व्यवस्था स्थानीय तहले गर्नु पर्नेछ।

(३) रोजगार संयोजक लगायतका कर्मचारीहरुको क्षमता विकासका लागि मन्त्रालय र प्रदेश मन्त्रालयले नियमित तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(४) केन्द्रका कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन मन्त्रालयले उपलब्ध गराएको सूचना व्यवस्थापन प्रणालीमा आधारित भई स्थानीय तहले गर्नुपर्नेछ।

१३. **वित्तीय व्यवस्थापन**: (१) स्थानीय तहको वार्षिक बजेटमा केन्द्र सञ्चालनका लागि आवश्यक बजेट रकम विनियोजन गर्नु पर्नेछ।

(२) केन्द्रको प्रभावकारी सञ्चालनका लागि संघीय सरकार वा प्रदेश सरकारबाट अनुदान वा प्राविधिक सहयोग लिन सकिनेछ।

(३) निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी संस्था र विकास साझेदार संस्थासँग सहकार्य गर्न वा स्रोत परिचालन गर्न सकिनेछ।

(४) केन्द्रको आय र व्ययको लेखाङ्कन स्थानीय तहको प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

(५) केन्द्रको आर्थिक कारोबारको आन्तरिक र अन्तिम लेखा परीक्षण गर्ने दायित्व स्थानीय तहको हुनेछ।

परिच्छेद-६

प्रचारप्रसार र गुणस्तर परीक्षण

१४. **प्रचारप्रसार**: (१) रोजगार सेवामा सर्वसाधारण वर्गको सहज पहुँच अभिवृद्धि गर्न प्रचारप्रसार अभियान सञ्चालन गरिनेछ।

(२) प्रचारप्रसारका लागि कार्यालयको वेभसाईट, फेसबुक पेज, युट्युब, ब्लग, रेडियो जिंगल, अनलाईन मिडिया र डिजिटल प्लेटफर्मको प्रयोग गरिनेछ।

Employment Sector Reform Dialogue Forum

(३) रोजगारी र तालिमका अवसर तथा रोजगारमूलक सूचनाहरुको नियमित र सहज पहुँच हुने गरी प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ।

(४) रोजगारीका कुरा, सफलताका कथा र उद्यमशीलताका सम्भावनाहरुको संकलन, प्रकाशन र प्रसारण गरी प्रेरणा अभिवृद्धि गरिनेछ।

(५) केन्द्रबाट प्रवाह गरिने सेवाहरूको बारेमा प्रचारप्रसार गर्दा बहुभाषिक र समावेशी सामग्रीहरुको प्रयोग गर्नु पर्नेछ।

१५. **गुणस्तर परीक्षण**: (१) रोजगार सेवा प्रवाहको नियमित रुपमा गुणस्तर परीक्षण गर्नु पर्नेछ।

(२) रोजगार सेवा प्रवाहका गुणस्तर सूचकाङ्क निर्धारण गरिनेछ।

(३) सेवाको गुणस्तर सुधार गर्न नियमित रूपमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सञ्चालन गर्नु पर्नेछ।

परिच्छेद-७

विविध

१६. **समन्वय र सहकार्य**: (१) केन्द्रले सरकारी निकाय, गैर-सरकारी संस्था, निजी क्षेत्र, तालिम प्रदायक संस्था र रोजगारदाताहरूसँग नियमित समन्वय र सहकार्य गर्नुपर्नेछ।

(२) रोजगारदाताको आवश्यकता पहिचान गरी सोही अनुसारको सीप र जनशक्ति विकास गर्न राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान र तालिम प्रदायक संस्थाहरुसँग समन्वय गर्नु पर्नेछ।

(३) रोजगारदातालाई केन्द्रबाट सूचीकृत बेरोजगारहरूलाई प्राथमिकता दिन प्रोत्साहन गर्न समन्वय गर्नु पर्नेछ।

(४) स्थानीय तह अन्तर्गतका उच्च विद्यालय र कलेजहरुमा अध्ययनरत् विद्यार्थीहरुलाई श्रम बजारको प्रकृति, माग र आपूर्तिको वर्तमान अवस्थाको बारेमा जानकारी गराउन विद्यालय र कलेजहरुसंगको समन्वयमा करियर काउन्सेलिङ सेवा वा कक्षा सञ्चालन गर्नु पर्नेछ।

१७. **व्यवस्थापन सूचना प्रणालीको प्रयोग**: (१) मन्त्रालयले उपलब्ध गराएको व्यवस्थापन सूचना प्रणालीको प्रयोग अनिवार्य र नियमित गर्नुपर्नेछ।

(२) बेरोजगार व्यक्ति, रोजगारदाता र तालिम प्राप्त व्यक्तिहरुको विवरण व्यवस्थापन सूचना प्रणालीमार्फत प्रविष्टी र अद्यावधिक गर्नु पर्नेछ।

(३) स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरका रोजगारदाताहरूको तथ्याङ्क डिजिटल प्रणाली अद्यावधिक गर्नु पर्नेछ।

Employment Sector Reform Dialogue Forum

१८. **अनुगमन, मूल्याङ्कन र प्रतिवेदन**: (१) मन्त्रालय र प्रदेश मन्त्रालयले तोकेको निकायहरुमार्फत केन्द्रको नियमित अनुगमन गर्नेछ।

(२) केन्द्रको सेवाले लक्षित समूहको रोजगारीमा पारेको प्रभावको आवधिक मूल्याङ्कन गरिनेछ।

(३) व्यवस्थापन सूचना प्रणालीबाट नियमित रिपोर्टिङ गर्नु पर्नेछ।

(४) केन्द्रले मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी स्थानीय तहको कार्यपालिका तथा सम्बन्धित मन्त्रालयमा नियमित पठाउनु पर्नेछ।

१९. **गुनासो व्यवस्थापन**: (१) रोजगार सेवा सम्बन्धी गुनासो दर्ता, छानबिन र समाधान प्रणाली स्थापित गरिनेछ।

(२) अनलाइन गुनासो फारम, ईमेल, टोल–फ्री नम्बर वा प्रत्यक्ष सम्पर्क काउन्टर सञ्चालन गरिनेछ।

२०. **निर्देशन दिन सक्ने**: (१) यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा सम्बन्धित मन्त्रालय वा प्रदेश मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ।

(२) यस कार्यविधिमा उल्लेख नभएका विषयमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले थप व्यवस्था गर्न सक्नेछ।

२१. **बाधा अडकाउ फुकाउ**: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा स्थानीय तहको कार्यपालिकाले सम्बन्धित मन्त्रालय वा प्रदेश मन्त्रालयसँग परामर्श गरी आवश्यक निर्णय गर्न सक्नेछ।

२२. **संशोधन**: (१) ..... ले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन एवम् पुनरावलोकन गर्न सक्नेछ।

Employment Sector Reform Dialogue Forum

अनुसूची-१

रोजगार सेवा केन्द्रहरुबाट प्रवाह गरिने एकीकृत रोजगार सेवाको विस्तृत विवरण

एकीकृत रोजगार सेवा केन्द्र	सार्वजनिक रोजगार सेवा केन्द्र	स्थानीय रोजगार सेवा केन्द्र
बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन, रोजगार सेवा, रोजगार परामर्श, रोजगार नाक्साङ्कन तथा रोजगारीका अवसरहरूको पहिचान, करियर काउन्सेलिङ्ग, जब म्याचिङ्ग, रोजगार विनिमय, रोजगार मेला, सुरक्षित आप्रवासन, पुनः श्रम स्वीकृति सम्बन्धी सहजीकरण, पुनः एकीकरण, बोर्डको कल्याणकारी सेवा, वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण, वित्तीय साक्षरता, राष्ट्रिय, प्रादेशिक र स्थानीय रोजगार कार्यक्रमको कार्यान्वयन, उद्योग क्षेत्रको माग र आवश्यकतालाई सम्बोधन गर्न कार्यस्थलमा आधारित सीप विकास तालिम सञ्चालन तथा सहजीकरण, अप स्किलिङग, निजी क्षेत्रसँग समन्वय र सहकार्य, श्रमको सम्मान राष्ट्रको अभियान, रोजगारीका लागि तयारी क्लबको सञ्चालन, रोजगार संवाद मञ्चको सञ्चालन, न्यूनतम रोजगार कार्यक्रम सञ्चालन, सामाजिक सुरक्षाका कार्यक्रम, रोजगारदाताको प्रोफाइल निर्माण र अद्यावधिक	बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन, रोजगार सेवा, रोजगार परामर्श सेवा, रोजगार नाक्साङ्कन तथा रोजगारीका अवसरहरूको पहिचान, जब म्याचिङ्ग, करियर काउन्सेलिङ्ग, रोजगार विनिमय, सुरक्षित आप्रवासन, पुनः श्रम स्वीकृति सम्बन्धी सहजीकरण, बोर्डको कल्याणकारी सेवा र आर्थिक सहायता, वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण, वित्तीय साक्षरता, पुनः एकीकरण, राष्ट्रिय, प्रादेशिक र स्थानीय रोजगार कार्यक्रमको कार्यान्वयन, श्रम बजारको माग अनुसारको प्राविधिक तथा व्यावसायिक सीप विकास तालिम सञ्चालन तथा सहजीकरण, रि-स्किलिङ्ग, उद्यमशीलता विकास, स्वरोजगार मूलक सेवा, श्रमको सम्मान राष्ट्रको अभियान, रोजगारीका लागि तयारी क्लबको सञ्चालन, रोजगार संवाद मञ्चको सञ्चालन, न्यूनतम रोजगार कार्यक्रम सञ्चालन, रोजगार मेला, रोजगारमूलक आयोजना सञ्चालन, रोजगारदाताको प्रोफाइल तयार र अद्यावधिक	बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन, रोजगार सेवा, परामर्श सेवा, करियर काउन्सेलिङ्ग, रोजगार नाक्साङ्कन तथा रोजगारीका अवसरहरूको पहिचान, रोजगार विनिमय, सुरक्षित आप्रवासन, पुनः श्रम स्वीकृति सम्बन्धी सहजीकरण, बोर्डको कल्याणकारी सेवा र आर्थिक सहायता, पुनः एकीकरण, राष्ट्रिय, प्रादेशिक र स्थानीय रोजगार कार्यक्रमको कार्यान्वयन, सेवा क्षेत्रको आवश्यकतालाई सम्बोधन गर्ने खालको रोजगारमूलक सीप विकास तालिम सञ्चालन, उद्यमशीलता विकास, स्वरोजगार मूलक सेवा, वित्तीय साक्षरता, न्यूनतम रोजगार कार्यक्रम सञ्चालन, रोजगारमूलक आयोजना सञ्चालन, रोजगारीका लागि तयारी क्लबको सञ्चालन, श्रमको सम्मान राष्ट्रको अभियान, रोजगार संवाद मञ्चको सञ्चालन, बेरोजगारी र रोजगारीको क्यालेन्डर निर्माण र कार्यान्वयन

Employment Sector Reform Dialogue Forum